सर्वोत्तम सिमेन्ट

**Sarbottam Cement Limited**
**Corporate Office :**
Neupane Tower, 5th Floor, Tinkune, Kathmandu, Nepal | Tel: 01-4111621/4111709/4111942/4117502
**Sarbottam Factory :**
Sunwal Nagarpalika, Ward no-11, Jodeni Nawalparasi

www.sarbottamcement.com

## Unaudited Statement of Financial Position
## As At 15th July, 2024 (Ashad 31, 2081)

| Particulars | Sarbottam Cement | |
|---|---|---|
| | 15th July, 2024 (Ashad 31, 2081) | 16th July, 2023 (Ashad 31, 2080) |
| **Assets** | | |
| **Non Current Assets** | | |
| Non Current Assets | | |
| Property, Plant & Equipment | 8,275,946,045 | 8,267,468,533 |
| Intangible Assets | 1,297,638 | 1,237,648 |
| **Financial Assets** | | |
| Investment | 556,036,900 | 556,036,900 |
| Other Non-Current Assets | 12,402,560 | 12,402,560 |
| **Total Non Current Assets** | **8,845,683,143** | **8,837,145,641** |
| **Current Assets** | | |
| Inventories | 2,805,891,963 | 2,494,264,275 |
| Financial Assets | | |
| Trade Receivables | 1,798,536,564 | 1,708,339,446 |
| Cash & Cash Equivalent | 80,708,604 | 149,972,492 |
| Others | 43,744,545 | 17,865,197 |
| Other Current Assets | 208,829,153 | 192,992,746 |
| Income Tax Assets (Net) | 20,377,457 | 23,456,581 |
| **Total Current Assets** | **4,958,088,285** | **4,586,890,736** |
| **Total Assets** | **13,803,771,429** | **13,424,036,378** |
| **Equity & Liabilities** | | |
| **Equity** | | |
| Equity Share Capital | 4,650,000,000 | 4,050,000,000 |
| Other Equity | 4,258,546,433 | 3,120,120,344 |
| Revaluation Reserve | 336,854,187 | 336,854,187 |
| **Total Equity** | **9,245,400,620** | **7,506,974,530** |
| **Non Current Liabilities** | | |
| Financial Liabilities | | |
| Long Term Borrowings | 135,744,200 | 321,962,860 |
| Deferred Tax Liabilities | 367,010,572 | 318,489,394 |
| **Total Non Current Liabilities** | **502,754,772** | **640,452,254** |
| **Current Liabilities** | | |
| Financial Liabilities | | |
| Trade Payables | 1,000,103,223 | 630,475,599 |
| Short Term Borrowings | 2,929,353,679 | 3,453,526,347 |
| Other Financial Liabilities | 10,530,165 | 32,274,818 |
| Other Current Liabilities | 65,554,867 | 1,110,057,726 |
| Provisions | 50,074,103 | 50,275,103 |
| **Total Current Liabilities** | **4,055,616,038** | **5,276,609,593** |
| **Total Liabilities** | **4,558,370,810** | **5,917,061,847** |
| **Total Equity and Liabilities** | **13,803,771,429** | **13,424,036,378** |

## Unaudited Statement of Profit or Loss & Other Comprehensive Income
## For Year Period Ended Ashad 31, 2081 (July 15, 2024)

| Particulars | Sarbottam Cement | |
|---|---|---|
| | FY 80\|81 (Upto Ashad) | FY 79\|80 (Upto Ashad) |
| Revenue From Operations | 6,373,767,865 | 5,380,265,482 |
| Less: Cost of Sales | 5,577,647,920 | 4,408,749,600 |
| **Gross Profit** | **796,119,945** | **971,515,882** |
| Other Income | 43,595,809 | 10,927,171 |
| **Expenses:** | | |
| Administrative Expenses | 89,592,213 | 107,573,334 |
| Selling & Distribution Expenses | 192,809,590 | 196,825,261 |
| Finance Cost | 331,393,307 | 409,115,300 |
| **Total Expenses** | **613,795,110** | **713,513,895** |
| **Profit/(Loss) Before Tax from Continuing Operations & Share of Profit of Associates** | **225,920,645** | **268,929,158** |
| Share of Profit /(Loss) of Associates accounted by using Equity Method | | |
| Profit/(Loss) Before Tax from Continuing Operations | 225,920,645 | 268,929,158 |
| **Tax Expense** | | |
| Current Tax | 3,113,377 | 2,517,547 |
| Deferred Tax | 48,521,178 | 52,543,869 |
| **Net Profit/(Loss) For The Year from Continuing Operations** | **174,286,089** | **213,867,742** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४
## (नियम २६ को उपनियम (१) साग सम्बन्धित) आ.व. २०८०/०८१ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

**(क) चौथो त्रैमासिक सम्मको वासलात नाफा नोक्सान सम्बन्धी विवरण:**

यस संस्थाको चौथो त्रैमासिक सम्मको नाफा नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

यस अवधीको सम्बद्ध संस्थाहरुसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

| क्र.स. | सम्बद्ध संस्थाहरुको नाम | कारोवार रकम (मु.अ. बाहेक) | |
|---|---|---|---|
| | | खरिद | विक्रि |
| १ | सर्बोत्तम मिनरल्स प्रा.लि. | ८,८५,४५,४६५।०० | ७,७२,९१४।०० |
| २ | जगदम्बा सिमेन्ट प्रा.लि. | ४७,६१,५२१।०० | ९०,३३,९३,३९४।०० |
| ३ | सिदेश्वर मिनरल्स प्रा.लि. | ३,४०,९७,१३१।०० | १७,२९,३४७।०० |
| ४ | लक्ष्मी स्टील्स लि. | २,५२,४८,५७७।०० | १,११,६४,४३८।०० |
| ५ | सर्बोत्तम स्टील्स लि. | - | ५३,८१३।०० |
| ६ | सौरभ फोटो इन्टरनेशनल | ३,८७,६११।०० | - |
| ७ | सर्बोत्तम सिमेन्ट ईष्ट प्रा.लि. | १०,४१,७३,५१७।०० | ३,६०,२०,१४५।०० |
| ८ | जगदम्बा स्पिनिङ्ग मिल्स लि. | - | ७,४६,२७८।०० |
| ९ | जगदम्बा सिन्थेटिक्स प्रा.लि. | ९,५२,६१,९३७।०० | - |
| १० | शुभ श्री जगदम्बा सिमेन्ट प्रा.लि. | ३८,४८,९६,५४७।०० | १७,५८,२३,०५६।०० |

**(ख) प्रमुख वित्तिय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिक रु) | प्रतिशेयर नेटवर्थ रु. | प्रतिशेयर कूल सम्पत्तिको मूल्य रु. | तरलता अनुपात |
|---|---|---|---|
| ३.७५ | १९८.८३ | २९६.८६ | १.२२ |

**२. व्यवस्थापकीय विश्लेषण**

**क)** यस अवधिमा संस्थाको तरलता लगायतका अन्य कुराहरु सन्तोषजनक रहेका छन् ।

**ख) आगामी अवधिमा व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

निकट भविष्यमा हामीले उद्योगको उत्पादन क्षमताको उपभोग वृद्धि गर्दै सञ्चालन गर्ने तथा उत्पादनमा लाग्ने लागत घटाउदै निरन्तर नेपाली तथा भारतिय बजारमा उच्च गुणस्तरको सिमेन्ट आपूर्ती गराउने लक्ष्यका साथ बजार विस्तार तथा बजारमा आफ्नो व्राण्डको उपस्थिति मजबुत बनाउदै लैजाने साथै योग्य सिमेन्ट कम्पनीहरुलाई आवश्यकता अनुसार खरिद गर्ने रणनिति सर्वोत्तम सिमेन्टको रहेको छ ।

विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन र विक्री वितरण गरी उच्च गुणस्तरीय सिमेन्ट आम उपभोक्ताहरुका बीचमा पुर्याउन सम्बन्धित कार्यहरु गरी मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्योजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**

कोभिड संक्रमण तथा रुस-युक्रेनको युद्धले उत्पन्न आर्थिक मन्दीका कारण विदेशी मुद्राको सटही दरमा भएको उच्च बृद्धि तथा ईन्धनको मूल्यमा भएको वृद्धि र नेपाल बिद्युत प्राधिकरणबाट अघोषित रुपमा दैनिक १२ घन्टा सम्म र सो भन्दा बढी प्रत्येक दिन हुने गरेको लोडसेडिङ्गका कारणबाट उत्पादन लागत खर्च बढ्न गएको अवस्था छ । यसका साथै राज्यको नितिगत सुधारको अभावमा जटिल बनेको नेपाली सिमेन्ट बजारको माग भन्दा अधिक उत्पादन भईरहको अवस्थामा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै स्थानीय तथा देश बाहिर समेत आफ्नो उत्पादनको बजार प्रवर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्दै उल्लेखित चुनौती र समस्याका अतिरिक्त अन्य कुराहरुले असर गर्न सक्ने भएतापनि हाल सम्म यस्ता घटनाबाट पर्न सक्ने असरबाट संस्था सचेत भई संस्थालाई प्रगति उन्मुख बनाउन कुशल कार्यनीति तथा चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राख्दै आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियमको तर्जुमा गरी उद्देश्य बमोजिमका कामहरु संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ ।

**३. कानूनी कारवाही सम्बन्धि विवरण: (यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको जानकारी):-**

(क) प्रस्तुत त्रैमासिकमा यस संस्थाले कुनै मुद्दा दायर नगरेको र यस संस्था विरुद्द कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

**४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:**

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेको छ ।

(ख) यस चौथो त्रैमासकको अवधिमा उद्योगको शेयर मूल्यले विभिन्न उतार चढावका विच सन्तोषजनक प्रगती गरेको छ ।

(ग) यस कम्पनीको चौथो त्रैमासमा शेयरको कायम अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको दिन र शेयर कारोबार संख्या:

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रू. | अन्तिम मल्य रू. | कारोबार दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| ८७७ | ७४१ | ८०६ | ६१ | २६९८१७०१ |

**५. समस्या तथा चुनौती:**

कोभिड संक्रमण तथा रुस-युक्रेनको युद्धले उत्पन्न आर्थिक मन्दीका कारण विकास निर्माण क्षेत्रका कार्यहरुमा सिथिलता कायमै रहेको अवस्थामा विकास निर्माणसंग सम्वन्धीत सरकारी परियोजनाहरुका लागि छुट्याईएको बजेट न्यून खर्च हुनु, ठेकेदारहरुले निमार्ण कार्य सम्पन्न गरेता पनि भुक्तानी पाउन नसकेको विषय यथावत रहेको लगाएतका कारणबाट चुनौती उत्पन्न हुने आशंका छ । नेपाल बिद्युत प्राधिकरणबाट अघोषित रुपमा दैनिक १२ घन्टा सम्म र सो भन्दा बढी प्रत्येक दिन हुने गरेको लोडसेडिङ्गका कारणबाट उत्पादन लागत खर्च बढ्न गएको अवस्था छ । बैकको व्याजदर तथा तरलता स्थिर नहुनुले कम्पनीलाई समस्या तथा चुनौती थप हुनेछ । यस अवस्थामा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै स्थानीय तथा देश बाहिर समेत आफ्नो उत्पादनको बजार प्रवर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्दै संस्थाको उत्पादनलाई प्रभावशाली वनाई सोही अनुरुपको नीति, रणनीति अवलम्बन गरि सूचना प्रविधि प्रणालि तथा मानव संशाधनको दक्षतामा अभिवृद्धि र चुस्त व्यवस्थापन, खर्चमा मितव्ययिता अपनाई कार्य अवलम्वन गरिएको छ ।

**६. संस्थागत सुशासन:**

स्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवार आकषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरु पालना गरी संस्था संचालन गरिएको छ ।

**७. सत्य तथ्यताका सम्बन्धमा सञ्चालक अध्यक्षको उद्घोषण:**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन । लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।